खण्ड १० भागेश्वर, जेठ २४ गते, २०८३ साल (संख्या १)

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

# भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

## भाग-२

**राजपत्रमा प्रकाशित मिति : २०८३।२।२४**

**प्रमाणिकरण मिति : २०८३।२।२४**

## एन. डी. प्रकाश चटौत बहुप्रतिभा पुरस्कार वितरण कार्यविधि, २०८३

प्रस्तावनाः

एन डी प्रकाश चटौत बहुप्रतिभा पुरस्कार कार्यक्रमलाई निष्पक्ष, खोजमूलक, विश्लेषणात्मक, व्यावसायिक र उत्तरदायी पत्रकारिता तथा शिक्षा, साहित्य, कला, संगितको माध्यमबाट भागेश्वर गाउँपालिकाको विकास र समृद्धि तथा नागरिकलाई सुसूचित गर्न महत्वपूर्ण योगदान पुर्‍याएका पत्रकार, शिक्षा, साहित्य, संगितकर्मी, स्थानीय भाषा, कला संस्कृतिको संरक्षण तथा समर्द्धनको लागि योगदान पुर्‍याउने ब्यक्तिहरुलाई पुरस्कृत र सम्मान गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

भागेश्वर गाउँपालिकाको बिनियोजन ऐन, २०८२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी भागेश्वर गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " एन. डी. प्रकाश चटौत बहुप्रतिभा पुरस्कार वितरण कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले भागेश्वर गाउँपालिका सम्झनुपर्छ।

(ख) "पुरस्कार" भन्नाले दफा ४ बमोजिमको पुरस्कार सम्झनु पर्छ।

(घ) "समिति भन्नाले दफा ७ बमोजिमको सिफारिस समिति सम्झनुपर्छ ।

३. छनौट प्रकृया: निष्पक्ष, खोजमूलक, विश्लेषणात्मक, व्यावसायिक तथा उत्तरदायी पत्रकारिताका माध्यमबाट, शिक्षा, साहित्य, कला, संगीत तथा संस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा उल्लेखनीय योगदान पुर्‍याएका व्यक्तिहरूको पुरस्कारका लागि छनोट समितिले यस कार्यविधामा निर्धारित मापदण्डबमोजिम आवश्यक अध्ययन, जाँचबुझ, मूल्याङ्कन तथा प्रमाणीकरण गरी योग्य उम्मेदवारको नाम गाउँ कार्यपालिकासमक्ष पुरस्कारका लागि सिफारिस गर्नेछ।

४. पुरस्कार राशी र प्रकारः (१) गाउँपालिकाबाट दफा ५ मा उल्लेख गरे बमोजिम पुरस्कार वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने पुरस्कारको प्रकार, राशी र संख्या अनुसूची- १ बमोजिम हुनेछ।

५. पुरस्कार छनोटका आधारः

१. दफा ४ बमोजिम उल्लेखित पुरुस्कार छनौटका आधारहरु देहायका हुनेछन्।

(क) भागेश्वर गाउँपालिका एन डी प्रकाश चटौत पत्रकारिता पुरुस्कारः पत्रकारिता क्षेत्रमा कम्तीमा एक दशकदेखि कृयाशिल रही भागेश्वर गाउँपालिका समग्र क्षेत्रको विषयहरु उजागर गर्नमा योगदान पुगाएको

(ख) भागेश्वर गाउँपालिका एन डी प्रकाश चटौत शिक्षा पुरुस्कारः गाउँपालिकामा शिक्षा क्षेत्रमा कम्तिमा दुई दशक भन्दा बढी सेवा गरि गाउँपालिकाको शैक्षिक विकासमा योगदान पुगाएको

(ग) भागेश्वर गाउँपालिका एन डी प्रकाश चटौत साहित्य तथा कला पुरुस्कारः गाउँपालिका सहित बिविध क्षेत्रमा साहित्य, कला, संगित, संस्कृतिको संरक्षण तथा समर्द्धनको लागि समग्रक्षेत्रमा कम्तिमा एक दशक भन्दा बढी कार्य गरि गाउँपालिका सहित अन्य क्षेत्रको सास्कृतिक विकासमा योगदान पुगाएको

६. आवेदकको योग्यताः समितिले पुरस्कारका लागि सिफारिस गर्दा दफा ५ मा उल्लिखित आधार सहित देहाय बमोजिमका योग्यताको आधारमा गर्नुपर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको,

(ग) पत्रकारको हकमा आचार संहिता उल्लङ्घन नगरेको र प्रेस काउन्सिलबाट कुनै पनि प्रकारको कारबाही नभएको,

७. सिफारिस समितिको गठनः (१) पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि नाम सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) गाउँपालिका अध्यक्षले तोकेको अधिकृत स्तरको प्रतिनिधि सदस्य

(घ) जिल्लास्थित पत्रकार महासंघको एक जना प्रतिनिधि सदस्य

(ङ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार छनोट तथा मूल्यांकन प्रयोजनका लागि सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गर्न सक्नेछ ।

८. समितिको/काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार

१. यस कार्यविधामा निर्धारित योग्यता, मापदण्ड तथा मूल्याङ्कन प्रणालीका आधारमा योग्य उम्मेदवारको छनोट गरी गाउँ कार्यपालिकासमक्ष सिफारिस गर्ने।

२. आवश्यक परेमा उम्मेदवारको योग्यता, अनुभव तथा योगदान सम्बन्धी थप विवरण, प्रमाण वा सम्बन्धित व्यक्ति तथा संस्थाबाट जानकारी माग गर्ने।

३. छनोट प्रक्रियालाई निष्पक्ष, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने तथा गोपनीयता कायम राख्ने।

४. आवश्यक ठानेमा सम्बन्धित क्षेत्रका विज्ञ, विषय विशेषज्ञ वा सरोकारवालासँग परामर्श लिन सक्ने।

५. कुनै वर्ष पुरस्कार प्रदान गर्न योग्य उम्मेदवार नभएको ठहर भएमा सो वर्ष पुरस्कार प्रदान नगर्न गाउँ कार्यपालिकासमक्ष सिफारिस गर्न सक्ने।

६. पुरस्कार छनोटसँग सम्बन्धित अभिलेख व्यवस्थित राख्ने तथा छनोट प्रक्रियाको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने।

७. यस कार्यविधामा उल्लेख नभएका विषयमा प्रचलित कानुन तथा गाउँपालिकाको निर्णय बमोजिम आवश्यक निर्णयका लागि गाउँ कार्यपालिकासमक्ष प्रस्ताव पेश गर्ने।

८. यस कार्यविधि र प्रचलित कानुनको अधीनमा रही पुरस्कार छनोट प्रक्रियालाई व्यवस्थित, मर्यादित र प्रभावकारी रूपमा सञ्चालन गर्ने।

९. पुरस्कारको वितरणः (१) समितिको सिफारिसका आधारमा छनोट भएका व्यक्तिहरुलाई आमन्त्रण तथा समारोहको आयोजना गरी पुरस्कार राशी र प्रमाणपत्र वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको राशीमा प्रचलित कानून बमोजिम कर लाग्नेछ।

१०. खाता संचालनः एन डी प्रकाश चटौत बहुप्रतिभा पुरस्कारको लागि बिनियोजन भएको रकम गाउँपालिका अन्तरगतको स्थानीय तह विविध कोष खाता अन्तर्गत छुट्टै शिर्षकमा आम्दानी बाँधि सो कोषमा रकम जम्मा गरि कार्यविधि अनुसार खर्च गरिनेछ ।

११. खारेजी र बचाउः गाउँकार्यपालिकाले गाउँपालिकाको श्रोतको अवस्था अनुसार कार्यविधिमा परिमार्जन वा खारेजी गर्न सक्नेछ ।

भागेश्वर गाउँ कार्यपालिकाको कार्यालय, बगरकोट, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-१
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
पुरुस्कारको राशी र संख्या

| क्रस | पुरुस्कारको नाम | राशी रु | प्रदान गरिने संख्या |
|---|---|---|---|
| १ | भागेश्वर गाउँपालिका एन डी प्रकाश चटौत पत्रकारिता पुरुस्कार | ८०००० | २ |
| २ | भागेश्वर गाउँपालिका एन डी प्रकाश चटौत शिक्षा पुरुस्कार | ८०००० | २ |
| ३ | भागेश्वर गाउँपालिका एन डी प्रकाश चटौत साहित्य, कला संस्कृति तथा संगित पुरुस्कार | ८०००० | २ |

**आज्ञाले**
**जितेन्द्र प्रसाद ओझा**
**प्रमुख प्रशासकीय अधिकृत**
**भागेश्वर गाउँपालिका, डडेल्धुरा**